गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

# यातायात व्यवस्था कार्यालय सवारी, कास्की

ईमिशन टेस्टर (Diesel Smoke Meter ) खरिद प्रस्ताव आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/१२/१४

यस कार्यालयबाट आ.व २०८१/०८२ मा आवश्यक पर्ने ईमिशन टेस्टर (Diesel Smoke Meter) खरिद गर्नुपर्ने भएकोले सार्वननिक खरिद नियमावली, २०६४ को नियम ८४ को अधिनमा रही सम्बन्धित फर्म, संस्था,वा कम्पनिबाट तपसिलको शर्तको अधिनमा रही दररेट सहितको शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

**शर्तहरुः**

- आपुर्तिकर्ताबाट प्राविधिक स्पेसिफिकेशन अनुसारको सामान उपलब्ध गराउनुपर्नेछ।
- कार्यालयले तयार पारेको प्रस्ताव फाराम खरिद गर्नको लागि निवेदन सहित फर्म, कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि (नविकरण सहित) व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि ,स्थायी लेखा नं. दर्ता प्रमाणपत्र प्रतिलिपि,कर चुक्ता प्रमाण पत्र प्रतिलिपि सहित रु१० को टिकट टाँस गरी आवेदन दस्तुर रु १०००। (अक्षरुपी एक हजार मात्र) राष्ट्रिय बाणिज्य बैङ्क लि राजश्व खाता शीर्षक नं.१४२२९, कार्यालय कोर्ड ३३७०२३९०१४ दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ।
- ईमिशन टेस्टर (Diesel Smoke Meter ) १ ओटाको के कति दररेटमा उपलब्ध गराउन सकिन्छ सो बेहोरा कार्यालय बाट उपलब्ध प्रस्ताव फाराममा अंक र अक्षरमा स्पष्ट रुपमा खुलाउनुपर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। लागत अनुमान रु ९,७१,८०० (नौ लाख एकहत्तर हजार आठ सय मात्र, दुई थानको) भन्दा कम प्रस्ताव फाराम पेश गर्नुपर्नेछ।
- धरौटी बापतको रकम रु.२५,०००।- प्रदेश लेखा नियन्त्रकको कार्यालय गण्डकी प्रदेश पोखराको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेडमा रहेको धरौटि खाता नं.३०२०१००२०२०३००००० मा यस कार्यालयको कोड ३३७०२३९०१४ मा जम्मा गरी प्रस्ताव साथ सक्कलै भौचर संलग्न गर्नुपर्नेछ।
- प्रस्ताव फाराम सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१/१२/२८ गते) सम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ।प्रस्तावकले खरिद भएका फारामहरु १६ औ दिनको १२:०० बजेसम्म कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ।
- दर्ता भएका फारामहरु १६ औ दिनको (मिति २०८१/१२/२९गते) २:०० बजे यस कार्यालयमा प्रस्तावक र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन। उक्त दिनहरुमा सार्वजनिक बिदा परेमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिनमा सोहि समयमा गरिनेछ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- यस सूचनामा उल्लेख नभएका बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ।
- थप बुझ्नु परेमा यस कार्यालयमा स्वयं उपस्थित भई वा मोवाईल नं.९८५६०३३३९४/९८४७६२२६२१ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

कार्यालय प्रमुख